# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन भएको मिति २०७७/०९/०५

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगत संचालित समृद्धि आयोजना (RERP) सँगको सहकार्यमा सञ्चालन गरिने सहकारीहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमका लागि तपसिल अनुसारका जनशक्तिको आवश्यकता भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम र अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपीहरु, हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो एवं यस वित्तीय संस्थाले तोकेको ढाँचाको दरखास्त फाराम नं. २, अनुसूची- १ भरी यो सूचना पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र (दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) कार्यालय समय भित्रमा तलको ठेगानामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । आवेदन फाराम बुझाउदा दरखास्त दस्तुर वापत रु. ५००।- (पाँचसय मात्र) नगदै बुझाउनु पर्नेछ ।

**तपसिल**

| विज्ञापन नं. | पद | पद संख्या | सेवा अवधि | मासिक पारिश्रमिक तथा सुविधा | काम गर्नुपर्ने स्थान | शैक्षिक योग्यता तथा अनुभव | उमेरको हद |
|---|---|---|---|---|---|---|---|
| ०५/२०७७/०७८ | फिल्ड प्रशिक्षक (Field Trainer) | ७ (सात) | आ.व. २०७७/०७८ का लागि | मासिक रु.६५ हजार पारिश्रमिक र स्थानीयस्तरको भ्रमण भत्ता वापत रु.२० हजार सहित मासिक रु.८५ हजार । | नेपाल सरकारको समृद्धि आयोजना कार्यान्वयनमा रहेका जिल्लाहरू । | **(क)** व्यवस्थापन (BBA/BBS), अर्थशास्त्र, सामाजिक विज्ञान, कृषि विज्ञान तथा अन्य सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको वा<br>**(ख)** उल्लिखित विषयमा प्रविणता प्रमाण पत्र तह वा दश जोड दुई उत्तीर्ण गरी सहकारी क्षेत्रमा कम्तीमा ३ वर्ष काम गरेको अनुभव भएको ।<br>**(ग)** सहकारी क्षेत्रको सञ्चालन र व्यवस्थापनमा १ वर्षको अनुभव वा लघुवित्त वित्तीय क्षेत्रमा काम गरेको वा तालिम/प्रशिक्षण प्रदान गरेकोलाई विशेष ग्राह्यता दिइनेछ ।<br>**(घ)** दुर्गम तथा विकट क्षेत्रमा रही काम गर्न तत्पर । | दरखास्त दिने अन्तिम मितिमा ५० वर्ष ननाघेको । |
| **मासिक पारिश्रमिकका अतिरिक्त थप सुविधाहरू :विदा सुविधा : (१)** मासिक १ दिन भैपरी विदा । मासिक १ दिन विरामी विदा (विरामी विदा आर्थिक दायित्व बहन नहुने गरी सम्झौता अवधिभर सञ्चित हुने)<br>**बीमा सुविधा :** रु.२० लाख सम्मको दुर्घटना र रु.१ लाख सम्मको स्वास्थ्य बीमा सेवा अवधिभर कायम रहने गरी बीमा गरिने छ । | | | | | | | |

आवेदक नेपाली नागरिक र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान हासिल गरेको हुनु पर्नेछ । वैयक्तिक विवरण (दरखास्त फाराम) को ढाँचा र Terms of Reference (ToR) यस वित्तीय संस्थाको Website: http://skbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ । रित नपुगेको तथा तोकिएको समय भन्दा पछि प्राप्त हुने आवेदन उपर कुनै कारवाही गरिने छैन । छनौट सूचीमा परेका उम्मेदवारहरूलाई मात्र मामिला अध्ययन (Case Study), प्रस्तुतिकरण तथा अन्तर्वार्ताका लागि सूचित गरिनेछ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय सुविधानगर, काठमाण्डौ, नेपाल
फोन : ०१-४१११७५२/८२८